कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके,

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७९/०८०

चलानी नं.

मिति : २०७९/०८/१८

विषय : **प्रस्तावना पत्र पेश गर्ने सम्बन्धमा अत्यन्त जरूरी सूचना**

नेपाल सरकार तथा स्विजरल्याण्ड सरकारको सम्झौतामा भएको दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना दोस्रो अन्तरगत मिति २०७९/०६/३१ गते बसेको बैठकको निर्णय अनुसार आ. व. २०७९/०८० मा यस कोहलपुर नगरपालिकाले कार्यगत अभ्यास सहित (Training with OJT) को १० महिने (१६९६ घन्टे) CTEVT तह-२ को तपसिल बमोजिमका कार्यक्रम तालिम संचालन गर्नु पर्ने भएकाले इच्छुक तथा आधिकारिक तालिम प्रदायक संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निर्धारित ढाँचा अनुसार शीलबन्दी प्रस्तावना पत्र यस कार्यालयमा कार्यालय समयभित्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावना बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा अर्को दिनलाई मान्य हुनेछ । प्रस्तावना बुझाउने बारे विस्तृत जानकारी Request for Proposal मा उल्लेख गरिएको जानकारी गराइन्छ ।

**तपसिल (संचालन गर्नु पर्ने तालिम कार्यक्रमहरू) :**

१. Computer Hardware and Network Technician
२. LCD/LED TV Repair Technician
३. Cook

**निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरू :**

१. प्राविधिक तथा आर्थिक प्रस्तावना पत्र (छुट्टा छुट्टै शीलबन्दी खाममा)
२. संस्था कम्पनी ऐनमा दर्ता भएको प्रमाण पत्र
३. सम्बन्धित विषयमा १४००-१६९६ घन्टाको तालिम संचालनको लागि CTEVT बाट सम्बन्धन प्राप्त भएको प्रमाण पत्र वा प्रिडिप्लोमा/ डिप्लोमा तहको सम्बन्धित पेशामा सम्बन्धन प्राप्त प्रमाण पत्र वा ENSSURE परियोजनाको १६९६ घण्टाको सम्बन्धित पेशामा तालिम संचालन गरेको प्रमाण पत्र
४. CTEVT द्वारा प्रमाणित कम्तिमा पनि ३९० घन्टाको व्यवसायिक तालिम संचालन गरेको तीन वर्षको कार्य अनुभव वा Pre-Diploma Course को भएमा कम्तिमा १ वर्षको कार्य अनुभव, प्रिडिप्लोमा/ डिप्लोमा तहको CTEVT द्वारा प्रमाणित कार्यक्रम संचालन गरेको वा CTEVT द्वारा प्रमाणित पेशागत तालिम संचालन गरेको १वर्षको अनुभव
५. VAT मा दर्ता भएको प्रमाण पत्र
६. पछिल्लो ३ वर्षको आर्थिक लेखापरीक्षण रिपोर्ट
७. गत आ. व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
८. पछिल्लो ३ वर्ष निरन्तर संस्था अद्यावधिक वा नवीकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि
९. प्रचलित ऐन कानूनमा उल्लेख भएका अन्य कागजात

*Request for Proposal* नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
(Website मा समेत राखिएकोछ ।)

०८।१८

..................

टिकाराम ढकाल

प्रमुख प्रशासकीय अधिकृत